आज मिति २०७८/०४/०४ गते सोमबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो ।

उपस्थिती:

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| | श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| | श्री ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| | श्री छिन नाम्या गुरुङ | कार्यपालिका सदस्य |
| | श्री नविन कुमार गुरुङ | कार्यपालिका सदस्य |
| | श्री तेन्जिङ नाम्गेल गुरुङ | कार्यपालिका सदस्य |
| | श्री राप्के गुरुङ | कार्यपालिका सदस्य |
| | श्री साङ्गो छिरिङ गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुल कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री लक्ष्मी कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री देवी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुलमाया वि.क. | कार्यपालिका सदस्य |
| | श्री छिरीङ आङ्ग्याल गुरुङ | कार्यपालिका सदस्य |
| | **अन्य उपस्थिति** | |
| | श्री सुदर्शन पौडेल | प्रशासन अधिकृत |
| | श्रीजनार्दन आचार्य | व.का.नि. |
| | | |

प्रस्ताव तथा छलफलका विषयहरु:

१) लुप्रा गाउँमा विपद तर्फको वजेट उपलब्ध गराउने सम्बन्धमा ।

२) फल्याक गाउँमा सांस्कृतिक कार्यक्रमको लागि बजेट व्यवस्था सम्बन्धमा ।

३) निर्माण कार्यमा प्राथमिकता सम्बन्धमा ।

४) करार सेवा नविकरण सम्बन्धमा ।

५) स्वास्थ्य चौकिमा कार्यरत कार्यालय सहयोगिहरुको तलव समायोजन सम्बन्धमा ।

६) कागबेनी कुलोको लागि वजेट व्यवस्था सम्बन्धमा ।

७) निर्माण व्यवसायी इजाजत-पत्र

८) विद्यालय समायोजन तथा आन्तरिक प्रा.वि. दरबन्दि मिलान सम्बन्धमा ।

९) गाउँ शिक्षा समिति गठन सम्बन्धमा ।

१०) वातावरण संरक्षण विषयक पुस्तक अध्यापन गराउन अनुमति दिने सम्बन्धमा ।

११) विद्यालय सञ्चालन सम्बन्धमा ।

CS CamScanner

निर्णय नं. १

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. १ लुप्रा गाउँमा पाण्डाखोलामा आएको बाढिका कारण गाउँनै जोखिममा परेको हुँदा सबै भन्दा जोखिममा परेका परिवारको लागि गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट रु. ५,००,०००/- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २

यस गाउँपालिकाको वडा नं. ५ फल्याकमा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नको लागि अनुदान स्वरुप गाउँपालिकाको सांस्कृतिक कार्यक्रम शिर्षकबाट रु. ८,००,०००/- दिने निर्णय गरियो।

निर्णय नं. ३

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाबाट वजेट विनियोजनबाट निर्माण हुने कार्यमा गुणस्तरियता सूनिश्चित हुने गरि रु. ४०,००,०००/- सम्मको निर्माण कार्य, निर्माण कार्यको इजाजत-पत्र प्राप्त स्थानिय निर्माण व्यवसायी मध्येबाट प्रतिस्पर्धा गराई सम्पन्न गर्न उच्च प्राथमिकता दिने निर्णय गरियो। सो कुराको अनुगमन मुल्याङ्कनका लागि अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सहित सम्मिलित समितिबाट नियमित अनुगमन गराउने निर्णय गरियो।

निर्णय नं. ४

वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखामा कार्यरत तपशिल बमोजिमका करार सेवाका कर्मचारीहरुको करार अवधी २०७८/०४/०१ देखि २०७८ पुष मसान्त सम्म थप गर्ने तथा नयाँ नियुक्ति गर्ने निर्णय गरियो।

| क्र.सं. | कर्मचारीको नाम | पद | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | उमेश दाहाल | फिल्ड सहायक | गाउँ पालिका कार्यालय | करार अवधि थप |
| २ | मन बहादुर सार्कि | अ. सब ईन्जिनियर | गाउँ पालिका कार्यालय | करार अवधि थप |
| ३ | सरिता वि.क. | अ.न.मी. | छुसाङ स्वास्थ्य चौकी | करार अवधि थप |
| ४ | शुष्मा कुमारी शाही | अ.हे.व. | कागबेनी स्वास्थ्य चौकी | करार अवधि थप |
| ५ | अनिता कुमारी शाही | अ.न.मी. | झारकोट स्वास्थ्य चौकी | करार अवधि थप |
| ६ | गिता शाही | अ.हे.व. | छुसाङ स्वास्थ्य चौकी | करार अवधि थप |
| ७ | पेमा लमु योल्मु | ना.प्रा.स. | कृषि सेवा शाखा | करार अवधि थप |
| ८ | मनिषा जि.सी. | ना.प.से.प्रा. | पशु सेवा शाखा | करार अवधि थप |
| ९ | वासु थकाली | का.स. | पशु सेवा शाखा | करार अवधि थप |
| १० | छिरिङ घ्याप्लो गुरुङ | का.स. | गाउँपालिका कार्यालय | करार अवधि थप |
| ११ | रोशनी नेपाली | का.स. | गाउँपालिका कार्यालय | करार अवधि थप |
| १२ | नारायण योगी | का.स. | वडा नं. १ को कार्यालय | करार अवधि थप |
| १३ | कमल बहादुर गुरुङ | का.स. | वडा नं. २ को कार्यालय | करार अवधि थप |
| १४ | सरीला परियार | का.स. | वडा नं. ३ को कार्यालय | करार अवधि थप |
| १५ | कर्म झुङ गुरुङ | का.स. | वडा नं. ४ को कार्यालय | करार अवधि थप |
| १६ | शान्ति मेन्दोक गुरुङ | का.स. | वडा नं. ५ को कार्यालय | करार अवधि थप |
| १७ | शान्ती वि.क. | का.स. | झारकोट स्वास्थ्य चौकी | करार अवधि थप |
| १८ | सोनी गुरुङ | का.स. | छुसाङ स्वास्थ्य चौकी | करार अवधि थप |
| १९ | दावा गुरुङ | का.स. | झोङ स्वास्थ्य चौकी | करार अवधि थप |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २० | छिरीङ डोमा गुरुङ | का.स. | आयुर्वेद औषधालय | करार अवधि थप |
| २१ | हितमान गुरुङ | ह.स.चा. | गाउँपालिका कार्यालय | करार अवधि थप |
| २२ | अस्मि पुर्जा | का.स. | कागबेनी स्वास्थ्य चौकी | नयाँ नियुक्ति |
| | | | | |

निर्णय नं. ५

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत कार्यालय सहयोगिहरुको मासिक पारिश्रमिक प्रतिव्यक्ति रु. १५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको प्रशासकीय भवन निर्माणको क्रममा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ४ निवासी छेप्तेन साङ्गोको खेत र कुलोमा क्षति पुगेको हुँदा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट रु. २५,०००/- छुट्याउने निर्णय गरियो ।

निर्णय नं. ७

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. ३ स्थित ग्रिन ताङ्वे कन्स्ट्रक्सन कम्पनिले सम्पुर्ण कागजात सहित घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउनको लागि निवेदन दिएको हुँदा उक्त कम्पनिलाई इजाजतपत्र दिने निर्णय गरियो ।

निर्णय नं. ८

शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शिक्षक व्यवस्थापन समन्वय शाखा सानोठिमी भक्तपुर द्वारा बिभिन्न मितिमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका लागि यस गाउँपालिकालाई बिभिन्न समयमा गरेको परिपत्र अनुसार शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यबिधि २०७६ अनुसार खुद पुलमा भएको प्रा.बि. दरबन्दी मिलानको काम भैसकेको सर्वबिदितै छ । खुद पुलमा भएको दरबन्दी मिलान पश्चात यस गाउँपालिका भित्र रहेका सवै आधारभुत बिद्यालयहरु संचालनका लागि कायम भएको दरबन्दी अपुग रहेकाले स्थानिय सरकार संचालन ऐन-२०७४ को दफा ११ (२) 'ज' मा रहि हाल संचालित विद्यालयहरुलाई समायोजन गरी जम्मा चार विद्यालयहरु मात्रै कायम हुने गरी संचालन गर्ने निर्णय गरीयो । साथै प्रा.बि तहमा कायम हुने दरबन्दीलाई बिद्यालयको आबश्यकता र बिषयगत योग्यता हेरी बिभिन्न बिद्यालयहरुमा हाल कार्यरत शिक्षकहरु तपशिल बमोजिमका बिद्यालयहरुमा मिलानमा पर्नुभएकोले एक हप्ता भित्रमा सम्बन्धित बिद्यालयमा गइ हाजिरि हुन जाने निर्णय गरीयो ।

| श्री जनशान्ति मा.बि. कागबेनी | श्री जननर्मल आ.बि. छुसाङ | श्री लुप्रा आ.बि. लुप्रा | मुक्तिनाथ आ.बि. झारकोट |
|---|---|---|---|
| भोजराज अर्याल | यानी परियार | यूवराज भूसाल | मिन व. लामिछाने |
| शान्ता तामाङ | जित गिरी | अमर नेपाली | लाल ब. बि.क. |
| नारायण प्रसाद पौडेल | गंगामाया गिरि | विनोद परियार | अनिता थकाली |
| दिनानाथ पन्थी | मोहनलाल थकाली | लालबाबु अधिकारी | तिर्थराज ढुंगाना |
| राजेन्द्र प्रसाद पोखरेल | रिक्त | | कमला थापा |
| ओम प्रसाद भुसाल | उमाकान्त अधिकारी | | |
| शोभाकुमारि खड्का गौतम | रमेशराज गौतम | | |

निर्णय नं. ९

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको शिक्षा ऐनको अधिनमा रहि तपशिल बमोजिमका पदाधिकारिहरु सदस्य रहने गरि गाउँ शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिलः</u>

(क) गाउँपालिकाको अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष — सदस्य

(ग) गाउँपालिकाको शिक्षा हेर्ने विषय समितिको संयोजक — सदस्य

(घ) गाउँकार्यपालिकाले तोकेको गाउँ सभाका सदस्यहरु मध्यबाट एकजना दलित सहित दुई जना
<u>यस अन्तर्गत तपशिल बमोजिमका सदस्यहरु चयन गरिएको ।</u>

क) फुल कुमारी वि.क.

ख) लक्ष्मी कुमारी गुरुङ

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्यबाट शिक्षा समितिले मनोनित गरेको एकजना

(च) संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्यबाट शिक्षा समितिले मनोनित गरेको एकजना — सदस्य

(छ) शिक्षा विद र शिक्षा प्रेमीहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको कम्तिमा एकजना महिला सहित दुईजना

(ज) शिक्षण पेसामा उच्च योगदान गरेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना — सदस्य

(झ) गाउँपालिकाको शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि — सदस्य

(ञ) गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ट) गाउँपालिकाको शिक्षा अधिकृत — सदस्य सचिव

### निर्णय नं. १०

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गतका जनशान्ति मा.वि. कागबेनी र लुप्रा आ.वि. लुप्रामा टेका समुह नेपालले वातावरण संरक्षण विषय पढाउन इच्छुक भई निवेदन दिएको विषयलाई मध्येनजर गरि उक्त विषय माथि उल्लेखित विद्यालयहरुमा हप्ताको एक पिरियड अध्यापन गराउन अनुमति दिने निर्णय गरियो ।

### निर्णय नं. ११

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्रका विद्यालयहरुमा मिति २०७८/०४/१० गतेबाट स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरि अध्ययन अध्यापन कार्य सूरु गर्ने निर्णय गरियो ।

CamScanner